केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१६/०६८/६९ मितिः २०६८/०८/२२

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**
*(अनुमतिपत्रप्राप्त सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था तथा वित्तीय मध्यस्थता सम्बन्धी कारोबार गर्ने गैर सरकारी संस्थाहरु समेत)*

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु, सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था र वित्तीय मध्यस्थता सम्बन्धी कारोबार गर्ने गैर सरकारी संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. <u>विपन्न वर्ग कर्जा गणना सम्बन्धमा:</u>

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा.निर्देशन नं. १७/०६८ को बुँदा नं. ३ को खण्ड (ट) लाई देहाय बमोजिम संशोधन गरी सो खण्ड पछि देहायको खण्ड (ठ) थप गरिएको छः

(ट) सामुदायिक उपभोक्ता समिति वा निजी क्षेत्र **वा सहकारी संस्था**ले ५०० किलोवाट क्षमतासम्मको जलविद्युत आयोजनाको कुल लागतको कम्तीमा ५० प्रतिशत वा सो भन्दा बढी लगानी गर्ने परियोजनामा बैंक तथा वित्तीय संस्थाहरुले सामुदायिक उपभोक्ता समिति वा निजी क्षेत्र **वा सहकारी संस्था**लाई प्रदान गर्ने रु. १ करोडसम्मको कर्जा तथा सापट ।

(ठ) ग्रामीण क्षेत्रमा कार्यरत सहकारी संस्थालाई कृषि सम्बन्धी पोष्ट हार्भेष्ट सेवा उपलब्ध गराउने परियोजना सन्चालनको लागि बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने रु. १ करोडसम्मको कर्जा तथा सापट ।

२. <u>व्याज आर्जन हुने खाता सम्बन्धमा:</u>

यस बैंकबाट मिति २०६८।५।५ मा जारी परिपत्र नं. ४ बमोजिम इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाले इजाजतपत्रप्राप्त अन्य बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोवार गर्ने संस्थामा व्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन र यस अघि व्याज आर्जन हुने गरी खोलिएका खाताहरु २०६८ पौष मसान्तभित्र बन्द गरिसक्नु पर्ने व्यवस्था भएकोमा काठमाडौं उपत्यका बाहिर केन्द्रीय कार्यालय भएका “ख” र “ग” वर्गका वित्तीय संस्थाहरुको हकमा “क“ वर्गका बैंकमा २०६९ आषाढ मसान्तसम्म व्याज आर्जन हुने कल खाता खोली रकम राख्न सक्ने गरी छुट प्रदान गरिएको छ ।

३. <u>कर्जा सूचना सम्बन्धमा:</u>

यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघु वित्त विकास बैंक, अनुमतिपत्रप्राप्त सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था तथा वित्तीय मध्यस्थताको कार्य गर्ने गैर सरकारी संस्थाहरुले कुनै व्यक्ति/समूह सदस्य/समुहलाई

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

रु.३० हजार भन्दा बढी कर्जा प्रदान गर्दा सम्बन्धित शाखा कार्यालयको कार्यक्षेत्र भित्र पर्ने यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघु वित्त विकास बैंक, सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था तथा वित्तीय मध्यस्थताको कार्य गर्ने गैर सरकारी संस्थाहरुबाट ग्राहकको कर्जा सम्बन्धी सूचना लिनु/दिनु पर्ने व्यवस्था गर्नु पर्ने छ। यसरी कर्जा सूचना लिंदा/दिंदा ग्राहकसँग सो वापत कुनै किसिमको शुल्क लिन पाइने छैन।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।